## पाल्पा र अर्घाखाँची जिल्लाको सिमानामा पर्ने पणेनामा माओवादी
## र
## सुरक्षाकर्मीबीच भएको भिडन्तको

# स्थलगत अध्ययन प्रतिवेदन

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति** (HRTMCC)

**सचिवालयः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

२०६२ फागुन

## पृष्ठभूमि

अर्घाखाँची र पाल्पाको सिमाना पर्ने पणेना गा.वि.स.मा २०६२ फागुन १६ गते माओवादी र सुरक्षाकर्मी वीच भिडन्त भयो। घटनामा मानवअधिकार तथा मानवीय कानूनको उल्लंघन भएको भन्ने जानकारी प्राप्त भएकाले सत्य तथ्य पत्ता लगाउन मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको टोली अध्ययनका लागि घटनास्थलतर्फ प्रस्थान गर्‍यो। टोलीले अध्ययनको सिलसिलामा घटनास्थल अवलोकन, प्रत्यक्षदर्शी समेतसंग घटनाको सम्बन्धमा जानकारी लिई घटनाको यथार्थ जानकारी लिएको थियो। टोलीले २०६२ फागुन १८ गतेदेखि १९ गतेसम्म घटनाको स्थलगत अध्ययन गरेको थियो।

## अध्ययनको उद्देश्य

१. भिडन्तको यथार्थता सार्वजनिक गर्ने
२. भिडन्त स्थलको स्थलगत अवलोकन गर्ने
३. घटनाको सत्य तथ्य सहितको प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने र सम्बन्धीत निकायमा पठाउने।

## अध्ययन टोली

| | |
|---|---|
| अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रिय संयोजक | जीवन्त वाग्ले |
| सामाजिक जागरण तथा विकास मंच (फोसाड), रुपन्देही अध्यक्ष | तिलक आचार्य |
| नेपाल पत्रकार महासंघ, रुपन्देही सभापति | डी.आर. घिमिरे |
| इन्सेक प्रतिनिधि, रुपन्देही | भिष्म पन्थी |
| कान्तिपुर दैनिक, प्रतिनिधि | दिपेन्द्र वडुवाल |

## अध्ययनको तरिका

१. घटनास्थलको स्थलगत अध्ययन
२. पिडितहरूसंग प्रत्यक्ष भेटघाट
३. घाइतेहरूसंगको प्रत्यक्ष भेटघाट
४. माओवादी जिल्ला नेतृत्वसंग कुराकानी
५. प्रत्यक्षदर्शीहरूसंगको कुराकानी
६. घटनाको सम्बन्धीत पक्षसंग भेटघाट।

## घटना संक्षेप

*माओवादी र सुरक्षाकर्मीबीच भएको भिडन्त*
स्थान: पाल्पा र अर्घाखांचीको सिमाना पर्ने पणेना गा.वि.स.
मिति : २०६२ फागुन १६ गते बिहान १० वजे देखि बेलुकी ४ बजे सम्म

## घटनामा भएको मानवीय तथा भौतिक क्षति

**तालिका १**

**हवाइ आक्रमण तथा बम विष्फोटबाट मृत्यु हुनेहरू**

| क्र.सं. | नाम थर | ठेगाना | वर्ष | संलग्न |
|---|---|---|---|---|
| १. | पवन गौतम | खिदिम-८ | १५ वर्ष | विद्यार्थी |
| २. | प्रकाश घर्ती | पोखराथोक | ३५ | सर्वसाधारण |
| ३. | क. मण्डप उपनाम भएका माओवादी | | | माओवादी बटालियन कमाण्डर |

**तालिका २**

**भिडन्तमा भएका घाइतेहरू**

| क्र.सं. | नाम | ठेगाना | वर्ष | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | नारायण बहादुर वि.क. | खिदिम-६ हर्रावोट | ८१ | | सर्वसाधारण |
| २ | ठाकुर गौतम | खिदिम-८ हटिया | १८ | | सर्वसाधारण |
| ३ | शिवहरी गौतम | खिदिम-८ हटिया | २१ | | सर्वसाधारण |
| ४ | भुमिका मरासिनी | खिदिम-८ हटिया | २१ | | सर्वसाधारण |
| ५ | हरि गौतम | खिदिम-८ हटिया | २४ | | सर्वसाधारण |
| ६ | पुष्कर मरासिनी | खिदिम-८ हटिया | ३ | | सर्वसाधारण |
| ७ | पुष्पा | खिदिम-८ हटिया | ९ महिना | | सर्वसाधारण |
| ८ | तुल्सिराम रास्कोटी मगर | पणेना- ८ | १४ | सेनाको पिटाइ | सर्वसाधारण |
| ९ | कालु वि.क. | अछाम | | | माओवादी |

**तालिका ३**

**भिडन्तमा भएको भौतिक क्षति**

| क्र.सं. | भौतिक क्षति हुनेको नामथार | ठेगाना | क्षतिको विवरण |
|---|---|---|---|
| १ | खुमानन्द पोखेल | पणेना-८ | घरको गारामा गोली लागेको गौंवारी नष्ट |
| २ | पदमलाल पोखेल | पणेना-८ | घरको गारामा गोली लागेको मौरीको मह खाईदिएको |
| ३ | भुमाकला ढकाल | पणेना-५ | घरको गारामा गोली लागेको थारो (गोठ) को एकतल्ला भत्किएको |
| ४ | वावुराम पराजुली | पणेना-५ | घरको सामान्य क्षति |
| ५ | घनश्याम गौतम | पणेना-५ | ,, |
| ६ | किशोर अधिकारी | पणेना-५ | ,, |
| ७ | सोमबहादुर पोखेल | पणेना-५ | ,, |
| ८ | विरेन्द्र | पणेना-५ | ,, |
| ९ | कवि पौडेल | पणेना-५ | ,, |
| १० | चिन्तामणी पाण्डे | पणेना-५ | ,, |

**तालिका ४**

**गिरफ्तार माओवादीहरू**

| क्र.सं. | नामथर | ठेगाना | वर्ष | संलग्नता |
|---|---|---|---|---|
| १ | तुफान भन्ने तेजबहादुर राहुल | डडेल्धुरा, माढलेख - २ | १६ | माओवादी |
| २ | अमर भन्ने सानु राउत | डडेल्धुरा, वगरकोट - ४ | १७ | माओवादी |
| ३ | झरना भन्ने ललिता भट्ट | डडेल्धुरा, जारकोट | | माओवादी |
| ४ | सिर्जना भन्ने धनिसरा परियार | डडेल्धुरा, जारकोट | १७ | माओवादी |
| ५ | झरना भन्ने भुमा वुढा | अछाम | १८ | माओवादी |
| ६ | रस्मी भन्ने जीविका वोहरा | वझाङ, कपासे - २ | १५ | माओवादी |
| ७ | सोफिया भन्ने संगीता धामी | दार्चुला, भगवती - ९ | १६ | माओवादी |
| ८ | कर्मा लामा | हुम्ला, हिरका - १ | १७ | माओवादी |
| ९ | कामना भन्ने धनीकुमारी धामी | वाजुरा, ऋषिदेह -१ | १७ | माओवादी |
| १० | सीरता भन्ने नन्दा धामी | अछाम, ऋषिदेह -५ | १६ | माओवादी |
| ११ | विरता भन्ने सरस्वती शाही | डोटी, पण्डुन -५ | १५ | माओवादी |
| १२ | आरती भन्ने पार्वती भट्ट | डडेल्धुरा, ववरकोट -६ | १८ | माओवादी |
| १३ | कालु वि.क. | अछाम, वस्ती -७ | | माओवादी |

## घटनास्थलको प्रकृति

पूर्व पणेना- ५ र पश्चिम पणेना-८ को विचभाग तीनगीरे रहेको छ। तीनगिरेबाट पणेना गाउँतर्फ जाने मोटरबाटो र अर्घाखांची र पाल्पाको सीमानामा भएको खोल्साको वरपर अर्थात पणेना गाउँमा झर्ने मोटर बाटोको वरपर माओवादी र सुरक्षाकर्मी वीचमा भिडन्तस्थल रहेको।

घटनास्थलमा सुरक्षाकर्मीहरू पणेनाको तल्लो गाउँबाट निस्केको र माओवादीहरू पणेनाको उपल्लो भाग तिनगीरे तथा कोप्चा भन्ने ठाउँबाट झर्दै गर्दा आक्रमण भएको पाईयो। सुरक्षाकर्मीहरू पश्चिम पट्टीको पारिलो सुख्खा डांडातिर र माओवादीहरू पूर्वपट्टीको ओसिलो तथा प्रशस्त रुख बिरुवाहरू भएको जंगल क्षेत्रमा रहको पाईयो। घटनास्थलमा ३ ठाउँमा माओवादीका शवहरू ढुंगाले च्यापेर खोल्साखाल्सीमा पुरेको पनि पाईयो। एउटा लास भने खुला अवस्थामै भेटियो।

घटनास्थलको वरपर स्लाइन, लाइटहरू, वुट पालिस, थाली, वेल्ट, हाफ पेन्ट, अन्डरवेयर, गिलास, ऐना, तास, तेलका सीसी, चामलका अवशेष थिए। केहि सामानहरू जलाईएको अवस्थामा पाईयो भने माओवादीका कतिपय प्रकाशनहरू च्यातचुत गरेर फालेको पनि पाइयो।

चायखोलामा भेटिएको एउटा व्यागमा सिपाही प्रकाश सिंह रावल, श्री नयाँ गोरखगण लिवाङ्ग रोल्पा लेखिएको पाईयो भने उता पणेना-८ गोरक्षनाथको मन्दिरदेखि माथि एकजना माओवादीको शव थियो। उक्त शवको नजिकै सानो काठको बाकस थियो जसमा कृष्णसेन स्मृति ब्रिगेड लेखिएको थियो।

## प्रत्यक्षदर्शीहरूको भनाई

**खुमानन्द पोखेल**, वर्ष ५०, पणेना-८
स्थानीय शिक्षक

तेह्र लासहरू प्रत्यक्ष देखियो। २ जना माओवादी जस्ता थिए। बाँकी बर्दिमा भएको हुनाले तिनीहरू सैनिक हुनुपर्छ। भिडन्त भएको जंगलमा पस्न सकिएको छैन। १७ गते सेना आएको थियो। जंगलमा लास हुन सक्छन्।

**मनकला पोखेल**, ४५ वर्ष, पणेना-८

सुगुरढुंगाबाट लडाई शुरु भएको हो। दहको जंगलबाट गोली हान्दै ढुंगा पल्टाउदैं माओवादी झरेका थिए। पहिला घर वरिपरी आँगनमा माओवादी आए। हानाहान भएको २ घन्टा पछि घरको वरिपरी आर्मी आएका थिए। हामी डरले खाटमुनी सुत्यौं। आजै मरिन्छ जस्तो भयो। आर्मी आएपछि माओवादी भागे। सेनाले दैलो हानेर भित्र पसे। तुरुन्त बाहिर निस्कन भने। हामी भित्र भएका ६ जनालाई बाहिर निकाले। माओवादी छन् की भन्दै चारैतिर खानतलासी गरे। हामी बाहिर आउँदासम्म माओवादी भागीसकेका थिए। त्यसैवेला हेलिकप्टर आयो। सेनाले हाम्रो फायरिङ भन्दै चिच्याएको सुनिन्थ्यो। हाम्रो घरको बलेनीमा ११ वटा घायल आर्मी थिए। १ जनाको लास पनि संगै थियो। पछि सबैलाई हेलिकप्टरमा हालियो। आर्मीले हाम्रो घर मुन्तिरको तुल्सीराम राष्कोटीलाई माओवादी भन्दै पिटिरहेका थिए। मैले त्यो माओवादी होइन, दुध बेचेर आउँदैं गरेकाले पसिना आएका हुन भने। त्यसपछि उसलाई छाडियो। उसको मुखवाट रगत आएको थियो।

**भुमकला ढकाल**, ५२ वर्ष, पणेना-५

हामी घर छोडेर हिँडियो। अर्को दिनमात्र घरमा आयौं। केटाकेटी डराएका छन्। रातमा लग्यो लग्यो भन्ने गर्छन। २ दिनसम्म केटाकेटीले मुन्टो उठाएनन्। घरमा गोली लागेको छ। थाराको तला भत्किएको छ। ८ वर्षको नातिनी सिता ढकाल अझै डराएकी छ। पढ्न जान मान्दिन। केटाकेटी स्कुल गएका छैनन्।

**उमा ढकाल**, पणेना-५

जंगलमा बम छन्। केटाकेटी लास देखेर डराएका छन्। पहिला माओवादी आएका थिए। गोली चल्दा भित्र रुवाबास भयो। दिमागले अझै काम गरेको छैन। १२ बजे थाराको तला भत्केको सुनियो।

**ज्ञानीश्वर पोखेल, वर्ष ५२, नारायण पाखेल, वर्ष ३२**

अगाडि भएका २५ जना हताहत भए भनेर हामीलाई भागेर आएका असई वाबुराम गिरीले हामीलाई बताएका हुन्। आफ्नो टोलीले खानेपानी भर्दै गर्दा एक्कासी आक्रमण भएको पनि उनले नै बताएका थिए।

**कमल पोखेल**, वर्ष ३४, पणेना-९

नरेश लेखेर छातिमा राखिएको एउटा लास थियो। मुखमा चामल राखिएको थियो। त्यो माओवादीको लास हुनुपर्छ। लास पानीमुहान नजिक थियो। लास अझै खोल्सामा हुनुपर्छ। ठाउँ अप्ठ्यारो भएकाले सवै खोज्न सकिएको छैन।

**राजकुमार सुनार**, वर्ष ८, कक्षा ३ श्रीमहादेव मा.वि.

हेलिकप्टर आउदा डर लाग्छ। भात खांदा हेलिकप्टर आयो अनि गोली चल्यो। जीवन सरको छोरालाई गोली लाग्यो। त्यसैले डर लाग्छ।

**भरतमणी घिमिरे**, शिक्षक, हरिहर संस्कृत उच्च मा.वि., पोखराथोक

हेलिकप्टरले वमवाडी गर्दा केटाकेटी रुँदैं अफिसमा पसे। साना बच्चाहरू त्यसमा पनि वढी बच्चाहरू डराएका छन्। स्कुलमा अझै सवै केटाकेटी आएका छैनन्। यत्रतत्र खसालिएका झोला, बमले बढी आतंकित बनाएको छ। विद्यार्थीहरूलाई युद्धका बेला कसरी बच्ने त्यसबारेमा सिकाउनु पर्ने देखिन्छ। आफ्नो विद्यार्थी बमवाडीबाट मारिँदा हामी सवै स्तव्ध भएका छौं। युद्धरत पक्षहरूले कुनै पनि हालतमा विद्यालयलाई युद्धभूमि वनाउनु हुँदैंन।

**ओमनाथ पौडेल**, ३५ वर्ष

कर्मचारी, इलाका हुलाक कार्यालय

हामी अफिसमै थियौ। हेलिकप्टरले हाम्रो अफिसतिर ताकेर बम खसाल्यो। तर संयोग बमहरू अगाडिको पिपलमा लाग्यो। पिपलका कारण कार्यालय जोगियो। हामी पनि जोगियौं। तर नजिकैको घनश्यामको पसल घरमा दलानमा बसेका केटाकेटी माथि बम वर्षाइयो। त्यही पवनको मृत्यु भयो। कैयौं घायल भए।

**प्रकाश गौतम, वर्ष १०**

म लुगा फेरेर हरियामा निस्केको थिए। म घनश्यामको घरमा जाँदा त्यहाँ दाईहरू, दिदी, हुनुहुन्थ्यो। हामीले हेलिकप्टर हेर्दै थियौं। माथिवाट बम खस्यो। दाइहरूलाई लाग्यो। पवन दाई त्यही ढल्यो। दिदीलाई पनि छर्रा लाग्यो।

**जीवन गौतम, वर्ष ६२,** निवृत्त शिक्षक

मेरो घरका ४ जना बमवारीमा परे। एउटा छोरो पवन मर्‍यो। बाँकी हेलिकप्टरमा राखेर लगियो भन्ने सुने। म सो दिन घरमा थिइन। हाम्रो परिवारलाई बज्र परे जस्तो भएको छ। सरकारले राहत दिए ठिकै छ नदिए म जस्तो नियति अरुलाई भोग्न नपरोस। शान्ति हुनुपर्‍यो।

**प्रकाश आचार्य**, शिक्षक, महाकाली प्रा.वि. खिदिम-१

१६ गते करिब ४ बजे माओवादी भाग्दै खुलौले पुगेका थिए। त्यहाँ पुगेपछि उनीहरू किशोर अधिकारीको घरमा पसे। त्यसरी घरमा नपस्न भन्दा माओवादीले मानेनन्। हामी लड्न आएका हौं। बाँच्ने मन भए बाहिर जानुस भनियो। घरका सबै बाहिर निस्किए। हेलिकप्टरले घरमा हान्यो। घर क्षतिग्रस्त भएको छ। त्यसपछि सेनालाई त्यही उतारियो। त्यही सेनाले घरभित्र लुकेका १३ जना माओवादीलाई समात्यो। १० जनालाई एउटै डोरीले बाँधेर हेलिकप्टरमा हालेर लगियो।

**सुरक्षा निकायको भनाई**

रक्षामन्त्रालयले दिएको जानकारी अनुसार घटनामा १० जना सेना र एक जना प्रहरी गरी जम्मा ११ जनाको मृत्यु भएको थियो।

**घटनाका सम्बन्धमा माओवादीको भनाई**

**प्रभाकर**, डिपुटी कमाण्डर, जनमुक्ति सेना नेपाल, माओवादी

घटनामा जनमुक्ति सेनातर्फ बटालियन कमाण्डर क. मण्डपलगायत आठ जना र हवाई आक्रमणमा परी तीन गरी जम्मा ११ जनाको शहादत भएको छ। अर्को दिन नजिकै गाउँमा सुतिरहेको जनसेनाको नौ जनाको एक टुकडीलाइ तीन वटा राइफल, एक सटगन र एक टुवेल्भरसहित सुरक्षाकर्मीहरूले कब्जामा लिएको र उनीहरूको स्थिति हालसम्म अज्ञात रहेको छ।

**निष्कर्ष र सुझाव**

घटनामा २ जना सर्वसाधारणको मृत्यु र ८ जना घाईते भएको पाईयो। सेनाले हवाई आक्रमणबाट गरेको बमबारीबाट उनीहरूको मृत्यु भएको र घाईते भएको पाईयो। माओवादीहरूले नागरिक आबादीलाई आश्रयस्थलको रुपमा प्रयोग गरेको पाईयो। घटनामा ११ जना माओवादीहरूको मृत्यु भएको माओवादीहरूले स्वीकार गरेका छन्। रक्षा मन्त्रालयले उक्त घटनामा १० जान सेना र १ प्रहरी गरी ११ जना सुरक्षाकर्मीको मृत्यु भएको जानकारी दिएको थियो।

भिडन्तमा के कति मानविय क्षति भयो भन्ने कुरालाई स्पष्ट नगरी आफ्नो तर्फ कम भन्दा कम क्षति भयो भन्ने कुरा देखाउन दुवै पक्षले अधिकतम प्रयत्न गरेको देखिएको छ। यसले पनि स्पष्ट गर्दछ भने युद्धरत पक्षहरू मानवअधिकारको सम्मानमा उद्दत छैनन्।

माओवादीहरूले सर्वसाधारणका घरहरूलाई आश्रयस्थलको रुपमा प्रयोग गरी जेनेभा महासन्धिको साझा धारा ३ को उल्लंघन गरेका छन्।

सुरक्षाकर्मीले नागरिक आवादीमा आक्रमण गर्दा सर्वसाधारण जन्ताहरू उपर क्षति पुग्ने स्पष्ट देख्दा देख्दै हवाई आक्रमण गरेकाले उक्त सर्वसाधारणहरूको मानवीय तथा भौतिक क्षति हुन पुगेको पाइएयो। उक्त घटनामा सुरक्षा निकायले मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन गरेको पाईयो।

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति यूद्धरत दुवै पक्षलाई नागरिक आवादीलाई आश्रयस्थलको रुपमा प्रयोग नगरी मानवीय कानुनको पालना गर्न आग्रह गर्दछ। साथै सर्वसाधारण नागरिक मर्ने स्पष्ट संभावना देख्दा देख्दै हवाई आक्रमण गर्ने र निर्देशन दिने दोषी सुरक्षाकर्मीलाई कानुन बमोजिम कारवाही गर्न माग गर्दछ। साथै पीडित सर्वसाधारण र तिनीहरूका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन सरकारसंग माग गर्दछ।